# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## दुप्चेश्वर गाउँपालिका
## नुवाकोट

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## दुप्चेश्वर गाउँपालिका
## नुवाकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

दुप्चेश्वर गाउँपालिका

नुवाकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

महालेखापरीक्षकको कार्यालय
अनामनगर, बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

प.सं. २०८०।८१ मितिः२०८१।२।११
च.नं. १२४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

दुप्चेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

नुवाकोट ।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ६३ लाख बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ४६ लाख ७३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७७ लाख ५ हजार, नियमित गर्नुपर्ने रु. ७९ लाख ७९ हजार र पेश्की बाँकी रु. ४ लाख ९५ हजार समेत रु. १ करोड १६ लाख २८ हजार रहेको छ ।यस गाउँपालिकाको गतवर्ष सम्म रु. १२ करोड ४९ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ६५ लाख ८८ हजार रहेको छ ।**यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( शंकर प्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

दुप्चेश्वर गाउँपालिका,

नुवाकोट जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४८ | २४ | १६३०० | ० | ५ | ४६७३ | ४८ | १९ | ११६२८ | ११७ | ३४४१ | ७५७५ | ० | ० | ११०१६ | ४९५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | १२५३०७ | ० | ३४७ | १२४९६० | ० | ११६२८ | १३६५८८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ४८ | जिन्सी दाखिला गरेको प्रमाण | १३०९९९ |
| २ | | ४९ | वृत्तचित्र तयार गरेको प्रमाण | ३००००० |
| ३ | | ५० | लागत अनुमान तयार नगरी सोझै खरिद | ११४२७४८ |
| ४ | | ५३ | निर्माण व्यवसायबाट कार्य गराएको | ३०९५७५७ |
| ५ | | ५४ | बढी भुक्तानी भएको | ३७५६ |
| | **चालु वर्षको जम्मा** | | | **४६७३२६०** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | विभिन्न | नियमित गरेको प्रमाण पेश | १०००० |
| | **२०७७।७८** | विभिन्न | प्रमाण कागजात पेश गरेको | ३३७००० |
| | **२०७६।७७** | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | **३४७०००** |
| | **कुल जम्मा** | | | **५०२०२६०** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालयको परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दुप्चेश्वर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३७ सभा सदस्य, वर्ग किलोमिटर क्षेत्रफल तथा २१,०९१ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।२४ देखि २०८०।०६।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८,६६,४५६/- पालिकाले सामाजिक सुरक्षा वापतको रकम संघीय सरकारमा फिर्ता गरेको प्रमाण पेश भएको छ ।

२ **एकिकृत आर्थिक विवरण -** दुप्चेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को एकिकृत आर्थिक विवरण देहायबमोजिम छ ।

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ६२,८९,०८,२०० | ४९,२२,६६,९८१.९९ | ४९,२२,६६,९८१.९९ | ४२,६२,७९,४०६.९५ | ४२,६२,७९,४०६.९५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ६१,९५,६१,००० | ४८,६५,१५,००३.४४ | ४८,६५,१५,००३.४४ | ४२,१९,८२,०६९.९५ | ४२,१९,८२,०६९.९५ |
| कर | ११,३६,९६,०००.०० | ९,१७,१२,८२३.३३ | ९,१७,१२,८२३.३३ | ९,२०,२३,८१९.६६ | ९,२०,२३,८१९.६६ |
| १३००० अनुदान | ३९,७५,९८,०००.०० | ३८,३६,१५,२७३.०० | ३८,३६,१५,२७३.०० | ३२,७४,३४,९९६.२९ | ३२,७४,३४,९९६.२९ |
| संघीय सरकार | ३१,९५,५५,०००.०० | ३०,८५,७२,२७३.०० | ३०,८५,७२,२७३.०० | २८,०५,८२,२८५.८८ | २८,०५,८२,२८५.८८ |
| प्रदेश सरकार | ७,५०,४३,०००.०० | ७,५०,४३,०००.०० | ७,५०,४३,०००.०० | ३,९६,२२,४२३.४१ | ३,९६,२२,४२३.४१ |
| अन्तरिक श्रोत | ३०,००,०००.०० | ० | ० | ७२,३०,२८७.०० | ७२,३०,२८७.०० |
| १४००० अन्य राजस्व | ८,४५,५८,००४.०८ | १,११,८६,९०७.११ | १,११,८६,९०७.११ | २५,२३,२५४.०० | २५,२३,२५४.०० |
| १५००० विविध प्राप्ति | ५,००,०००.०० | ० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | २,३२,०८,९९५.९२ | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ९३,४७,२००.०० | ५७,५१,९७८.५५ | ५७,५१,९७८.५५ | ४२,९७,३३७.०० | ४२,९७,३३७.०० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० |
| कोषहरु | ९३,४७,२००.०० | ३०,१२,५१४.५५ | ३०,१२,५१४.५५ | २०,००,०००.०० | २०,००,०००.०० |
| धरौटी | ० | २७,३९,४६४.०० | २७,३९,४६४.०० | २२,९७,३३७.०० | २२,९७,३३७.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६२,८९,०८,२००.०० | ४५,९५,४३,३४७.७९ | ४५,९५,४३,३४७.७९ | ४५,३६,२९,५९७.६१ | ४५,३६,२९,५९७.६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६१,९५,६१,०००.०० | ४५,१७,८७,८६१.७९ | ४५,१७,८७,८६१.७९ | ४४,५१,५७,२६७.८४ | ४४,५१,५७,२६७.८४ |
| २१००० पारिश्रमिक / सुविधा | ७,४७,४६,०००.०० | ६,३०,३६,८४३.७९ | ६,३०,३६,८४३.७९ | ४,६८,७४,०००.४३ | ४,६८,७४,०००.४३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | २१,७३,८९,०००.०० | १९,०९,६६,६४१.०० | १९,०९,६६,६४१.०० | १८,५७,३७,२७५.५३ | १८,५७,३७,२७५.५३ |
| २५००० सहायता (Subsidy) | ९६,९०,०००.०० | ९५,५५,०००.०० | ९५,५५,०००.०० | ४९,२२,०००.०० | ४९,२२,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १,०३,०४,०००.०० | ५१,८०,९९९.०० | ५१,८०,९९९.०० | ५१,२९,५३२.०७ | ५१,२९,५३२.०७ |
| २८००० अन्य खर्च | १,९२,५०,०००.०० | १३,१८,५०९.०० | १३,१८,५०९.०० | २,२३,९१,३२८.१८ | २,२३,९१,३२८.१८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २८,८१,८२,०००.०० | १८,१७,२९,८६९.०० | १८,१७,२९,८६९.०० | १८,०१,०३,१३१.६३ | १८,०१,०३,१३१.६३ |
| घ. अन्य भूक्तानी | ९३,४७,२००.०० | ७७,५५,४८६.०० | ७७,५५,४८६.०० | ४५,३६,२९,५९७.६१ | ४५,३६,२९,५९७.६१ |
| कोषहरु | ९३,४७,२००.०० | ५३,६२,४५३.५५ | ५३,६२,४५३.५५ | ५६,०२,६३१.६४ | ५६,०२,६३१.६४ |
| धरौटी | ० | २३,९६,०३२.४५ | २३,९६,०३२.४५ | २८,६९,६९८.१३ | २८,६९,६९८.१३ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -३,०००.०० | -३,०००.०० | | |
| ङ. यो वर्षको बचत (न्युन) | | ३,२७,२३,६३४.२० | ३,२७,२३,६३४.२० | (२,७३,५०,१९०.६६) | (२,७३,५०,१९०.६६) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २,९८,१५,४३२.१६ | २,९८,१५,४३२.१६ | ४,५३,०४,९८३.५४ | ४,५३,०४,९८३.५४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ६,२५,३९,०६६.३६ | ६,२५,३९,०६६.३६ | १,७९,५४,७९२.८८ | १,७९,५४,७९२.८८ |
| | | | | | |
| बैंक तथा नगद बाकी | | ६,५१,८९,०६६.३६ | ६,५१,८९,०६६.३६ | १,९६,२२,३०९.८८ | १,९६,२२,३०९.८८ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आर्थिक विवरणको विश्लेषण -** पालिकाको आर्थिक वर्ष २०७९।८० को वित्तीय विवरण वक्ष्लेषण गर्दा देहायको व्यहोरा देखियो ।

- पालिकाको संचित कोष म.ले.प.फा.नं. २७२ मा कुल प्राप्ती रु. ४९ करोड २२ लाख ६६ हजार रहेको देखिन्छ भने म.ले.प.फा.नं. २७५ मा ४८ करोड ६५ लाख १५ हजार देखिन्छ । म.ले.प.फा.नं. २७२ मा म.ले.प.फा.नं. २७५ मा भन्दा कुल प्राप्ती रु. ५७ लाख ५१ हजार बढी देखिन्छ ।
- पालिकाको कुल खर्च म.ले.प.फा.नं. २७२ मा रु. ४५ करोड ९५ लाख ४३ हजार रहेकोमा म.ले.प.फा.नं. २७५ रु. ४५ करोड १७ लाख ८७ हजार रहेको देखिन्छ भने पालिकाको कुल खर्च म.ले.प.फा.नं. २७२ मा भन्दा म.ले.प.फा.नं. २७५ मा ७७ लाख ५६ हजार कम रहेको देखिन्छ ।
- पालिकाको आर्थिक वर्ष २०७८।७९ मा बैंकमा मौज्दात रु. १ करोड ७० लाख रहेको देखिन्छ भने आर्थिक वर्ष २०७९।८० को गत वर्ष मौज्दात अल्या गर्दा रु. १ करोड ९६ लाख ९१ हजार रहेको देखिन्छ । महालेखा परीक्षकको अन्तिम प्रतिवेदन २०७८।७९ मा बैंक मौज्दात रु. १ करोड ७५ लाख ९१ हजार रहेको देखिन्छ ।

यसर्थ पालिकाले यथार्थ र विश्वसनिय वित्तीय विवरण तयार गरी वित्तीय पारदर्शिता र वित्तीय अनुशासन कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४ **बैक हिसाब मिलान -** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंङ्क र श्रेष्तामा निम्नानुसार बजेट फरक देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।

| **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** | **फरक** |
|---|---|---|---|
| चालू खर्च खाता | ० | ९४,९३,४७७.९६ | ९४,९३,४७७.९६ |
| पुँजीगत खर्च खाता | (८,५०,०००.००) | ३,४५,१९,२१२.७६ | ३३६६९२१२.७६ |
| विविध खर्च खाता | १३,४७,२००.०० | २०,२७,७२०.३५ | ६८०५२०.३५ |
| स्धानीय तह धरौटी खाता | ७८,११,६६३.७१ | ७८,२९,६६३.७१ | १८००० |
| स्थानीय तह सञ्चित कोष खाता | ५,५२,२७,१४१.६५ | ५६२०३३८५ | ९७६२४३.३५ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६,५३,०६१.०० | १४,८३,१२५.५१ | १६९९३५.४९ |
| आन्तरिक राजस्व खाता | ० | १८,८४,६५३.२४ | १८,८४,६५३.२४ |
| बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ५९,१७,७५६.९७ | ५९,१७,७५६.९७ |
| **जम्मा** | **६,५१,८९,०६६.३६** | **६,७७,५०,७१५.४५** | **२५६१६४९.०९** |

५ **आन्तरिक नियन्त्रण प्रणाली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ मा संघ, प्रदेश र स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक नियन्त्रण प्रणाली बनाई लागु गरेको देखिएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको।
- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार तलबी प्रतिवेदन पारित नगरेको ।
- राजस्व संकलनमा प्रयोग भएको सूचना प्रविधी प्रणाली महालेखा नियन्त्रक कार्यालयको स्वीकृती वेगर संचालनमा नल्याएको ।
- तोकिए बमोजिम जिन्सी निरीक्षण नगरेको ।
- तोकिए बमोजिम लेखा समितिको गठन नगरेको ।
- तोकिए बमोजिम प्रदेश लोक सेवा आयोगमा रिक्त पदको सूचना सूचना नदिएको ।
- पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको अनुगमन नगरेको ।
- भवन संहिता पालना नगरेको ।
- आन्तरिक लेखापरीक्षण नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७९।०३।१० गते रु. ६० करोड ६७ लाख ६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।३१ मा पारित भएको छ ।

७ **बजेट विनियोजन -** आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ । **(रु. हजारमा)**

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ६१,९५,६१ | ३३,१३,७९ | ५३.४८ | २८,८१,८२ | ४६.५२ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ६१ करोड ९५ लाख ६१ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ५३.४८ प्रतिशत र पूँजीगत तर्फ रु. ४६.५२ प्रतिशत बजेट विनियोजन भएको छ ।

८ **पूँजीगत बजेट र खर्च -** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ । **(रु. हजारमा )**

| **क्र.स.** | **आर्थिक वर्ष** | **विनियोजित बजेट रु.** | **पूँजीगत खर्च रु.** | **बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९/८० | २८,८१,८२ | १८,१७,२९ | ६३.०६ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु. २८ कोड ८१ लाख ८२ हजार विनियोजन गरेकोमा रु. १८ करोड १७ लाख २९ हजार खर्च गरेको छ जुन बजेट विनियोजनको तुलनामा ६३.०६ प्रतिशत मात्र हुन आउँछ ।

९ **चालु बजेट र खर्च -** पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट गाउँसभाबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ । **(रु.हजारमा)**

| **क्र.स.** | **आर्थिक वर्ष** | **विनियोजित बजेट रु.** | **चालु खर्च रु.** | **बजेटको तुलनामा चालु खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९/८० | ३३,१३,७९ | २७,००,५७ | ८१.५ |

पालिकाले यस वर्ष चालु तर्फ रु. ३३ करोड १३ लाख ७९ हजार बजेट विनियोजन गरेकोमा रु. २७ करोड ५७ हजार खर्च गरेको छ जुन विनियोजित बजेटको तुलनामा ८१.५ प्रतिशत हुन आउँछ ।

१० **अबण्डा बजेट -** पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु. १ करोड ८२ लाख १२ हजार बजेट अबण्डा राखी अध्यक्षको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । बजेट अवण्डा राखी गाउँसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा अध्यक्षको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

११ **मौज्दात रकम -** पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु.४५ करोड ९५ लाख ४३ हजार खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु. ५ करोड ९७ लाख १४ हजार मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सधैं गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु.हजारमा)

| मुख्य क्षेत्र | वार्षिक वजेट रु | खर्च रकम रु | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | १८,१७,२९ | ११,१०,२८ | ६१.०९ |
| जलस्रोत तथा सिंचाई | | ४३,२९ | २.३८ |
| खानेपानी तथा सरसफाई | | ८९,१३ | ५.१९ |
| भवन, आवास तथा सहरी विकास | | २,२३,८२ | १२.३१ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा पूँजीगत खर्च रु. १८ करोड १७ लाख २९ हजार रहेकोमा सडक निर्माण तथा मर्मतमा ६१.०९ प्रतिशत, खानेपानी तथा सरसफाईमा ५.१९ प्रतिशत, भवन आवास तथा सहरी विकासमा १२.३१ प्रतिशत र जलस्रोत तथा सिंचाई २.३८ प्रतिशत बजेट खर्च रहेको देखिन्छ ।

१३ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रम अनुसार त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । ऐनमा त्रैमासिक पूँजीगत खर्चको विवरण राख्नुपर्ने भएता पनि सुत्रमा चौमासिक खर्चको विवरण तयार हुने देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ । (रु.हजारमा)

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च रु. | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | संघीय पूँजीगत | १९००९ | २२५० | ४११६ | ११८४३ | ७५६५ |
| २ | प्रदेश पूँजीगत | ४८२३४ | ० | ० | ४८२३४ | ३४३९७ |
| ३ | गाउँपालिका पूँजीगत | ११३४०३ | २५७६५ | २०३४३ | ६७२९५ | २५४३६ |
| **कूल खर्च** | | **१८०६४६** | **२८०१५** | **२४४५९** | **१२७३७२** | **६७३९८** |
| **खर्च प्रतिशत** | | **१००** | **१५.५१** | **१३.५४** | **७०.५१** | **३७.३१** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ७०.५१ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३७.३१ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।

१४ **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार २०८० असार मसान्तमा अनुदान प्राप्त र खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

(रु. हजारमा)

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम रु. | खर्च रकम रु. | बाँकी रकम रु. |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २१४२५२ | १९४९६७ | १९२८५ |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ७००० | ४९४८ | २०५१ |
| प्रदेश सरकार | शसर्त | ३४३७८ | ३१४६३ | २९१५ |
| | विषेश | ७५०० | ४५२३ | २९७६ |
| | समपुरक | २४९१७ | १३३०६ | ११६११ |
| **जम्मा** | | **२८८०४७** | **२४९२०७** | **३८८४०** |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु. २२ करोड १२ लाख ५२ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. १९ करोड ९९ लाख १५ खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु. २ करोड १३ लाख ३६ हजार आर्थिक वर्ष २०८०।८१ मा संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु. ६ करोड ६७ लाख ९५ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा ४ करोड ९२ लाख ९२ हजार बजेट खर्च भइ बाँकी रु. १ करोड ७५ लाख ३ हजार आर्थिक वर्ष २०८०।८१ मा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ ।

१५ **योजना छनौट र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम रु. |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ० | ० |
| २ | रु.१ लाख देखि रु.३ लाख सम्मका योजना | ७९ | १४६९३००० |
| ३ | रु.३ लाख देखि माथि रु.५ लाख सम्मका योजना | ७३ | २५४६८०८८ |
| ४ | रु.५ लाखदेखि माथि रु.१० लाख सम्मका योजना | ४५ | २६१६९९०४ |
| ५ | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना | ३९ | ५७६०६७१० |
| ६ | रु.२५ लाख भन्दा माथीका योजना | १० | ४९९०५२७२ |
| | **जम्मा** | **२४०** | **१७३८४२९६७** |

१६ **ठेक्का बन्दोबस्त -** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः **(रु.हजारमा)**

| **कार्यक्रम/ शीर्षक** | **खरिद सम्झौता** | | | | | | | | **यस बर्ष सम्पन्न** | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कुल जम्मा** | | **प्रथम चौमासिक** | | **दोस्रो चौमासिक** | | **तेस्रो चौमासिक** | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | ६ | ४०२४१ | १ | ३२०० | ० | ० | ५ | ३७०४१ | २ | ७७२३ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रु. ४ करोड २ लाख ४१ हजार लागतको ६ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु. ३२ लाख १ ठेक्का र तेश्रो चौमासिकमा रु. ३ करोड ७० लाख ४१ हजारको ५ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रु. ७७ लाख २३ हजार बराबरको २ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । त्यसैले अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

१७ **निर्माण कार्य व्यवस्थापन -** पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

**(रु.हजारमा)**

| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| २४६ | ६ | ४०२४१ | २४० | १३६७९८ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २४६ योजनामा मध्ये ठेक्का मार्फत ६ वटा योजनामा रु. ४ करोड २ लाख ४१ हजारको सम्झौता गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २४० योजनामा रु. १३ करोड ६७ लाख ९८ हजारको योजना संचालन गरेको छ । अर्थात २४६ योजनामा भएको खर्च मध्ये २२.७३ प्रतिशत ठेक्का प्रक्रिया र ७७.२७ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको

दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

१८ **ठेक्का प्रतिस्पर्धा -** पालिकाले यस आर्थिक वर्षमा गरेका ठेक्का सम्झौताको मध्ये केहीको विवरण देहाय बमोजिम रहेको छ ।

| ठेक्का विवरण | योजनाको नाम | लागत अनुमान (भ्याट बाहेक) | प्रतिस्पर्धागर्ने संख्या | कबोल रकम (भ्याटबाहेक ) | घटी प्रतिशत | ठेक्का परेकोबोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | Upgrading of Samundratar Ramati Mishrabhanjyang Gyangfedi Raod,Dupcheshwor 6,7,1 | १२११११३५.४२ | ६ | ८१३३१९०.०५ | २७.४५ | G.K construction |
| २ | Upgrading of Jhagade Sinduli Dada Damphu Park Kalo Pani Road , Dupcheshwor 4 | १६४८४९९९.१६ | ९ | १००६८३५४.६८ | ३८.९२ | Yangra Nirman Sewa Pvt.Ltd |
| ३ | Upgrading of Samundratar Bhawan Dada Sanogolfu Road, Dupcheshwor 4 | १६४८२४६२.४३ | १३ | १००३२१३७.३२ | ३९.१३ | Skill Field Construction and Consultancy Pvt. Ltd |
| ४ | Upgrading of Dupcheshwor Karejung Road,Dupcheshwor 6 | ७९३२८५९.७३ | १२ | ४८१४२४०.८० | ३९.३१ | Yangra Nirman Sewa Pvt.Ltd |
| ५ | Construction of Sikharbesi Manedada Basic School, Dupcheshwor-07 | ६२८१७४८ | ८ | ३९९३१०४ | ३६.४३ | Jenisha and Jenidha constructions |

उपर्युक्त विवरण अनुसार पालिकामा सबैभन्दा बढी Upgrading of Dupcheshwor Karejung Road,Dupcheshwor 6 मा ३९.३१ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ भने सबैभन्दा कम Upgrading of Samundratar Ramati Mishrabhanjyang Gyangfedi Raod,Dupcheshwor 6,7,1 मा २७.४५ प्रतिशत कममा ठेक्का सम्झौता भएको देखिन्छ ।

१९ **सडक निर्माण -** पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष पालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालित योजनाबाट सडक निर्माणको अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.स. | योजनाको नाम | ईकाई | २०७९।८० सम्म |
|---|---|---|---|
| १. | सडक पिच | कि.मि. | १.५ |
| २. | ग्रावेल | घन मि | १००० |
| ३. | नयाँ ट्र्याक | कि.मि. | १५ |

उपर्युक्त विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०७९।८० सम्म सडक पिच १.५ किलोमिटर, सडक ग्रावेल १००० घनमिटर र नयाँ ट्र्याक १५ किलोमिटर बनाएको देखिन्छ ।

## २० भवन निर्माण

२०.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार भवन र जग्गाको देहाय बमोजिम छ ।

| क्र.सं. | भवनको विवरण | सम्झौता मिति | भवन निर्माण खर्च | जग्गाको किसिम/ स्वामित्व | नक्सा पासको अवस्था |
|---|---|---|---|---|---|
| १ | प्रशासकिय भवन | ७/४/२०७६ | २४०६७२०४.०९ | समुन्द्रन्द्रटार स्वास्थ्य चौकी | छैन |
| २ | वडा कार्यालय वडा नं. १ | ९/७/२०७६ | ३९८९१९८.१३ | नीजि | छैन |
| ३ | वडा कार्यालय वडा नं. २ | १२/१२/२०७७ | ३७००८८५.२५ | वडा कार्यालयको नाममा | छैन |
| ४ | वडा कार्यालय वडा नं. ३ | १२/९/२०७७ | ३८१५३५८.२५ | राउतवेशी स्वास्थ्य चौकी | छैन |
| ५ | वडा कार्यालय वडा नं. ५ | १२/१२/२०७७ | ३८३९४०६.९४ | वडा कार्यालयको नाममा | छैन |
| ६ | वडा कार्यालय वडा नं. ७ | १२/१२/२०७७ | ३८३९४०६.९४ | वडा कार्यालयको नाममा | छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | कर्मजम्मी सामुदायीक भवन | २०७८।१२।१६ | ४००००० | सार्वजनिक जग्गा | छैन |
| ८ | स्याउरीभूमि सामुदायिक भवन | २०७८।११।०६ | ४०४४४९ | सार्वजनिक जग्गा | छैन |

२०.२
- ऐनको दफा ३९(५) मा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा नक्सा पास नगरी भवन बनाएको भए पाँच लाख रुपैयाँसम्म र पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन बनाएको भए दुई लाख रुपैयाँसम्म जरिवाना गरी अध्यक्ष वा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिने व्यवस्था छ भने ऐनको दफा ४१(१) मा उल्लेखित व्यवस्था विपरित निर्माण भएको भवन, संरचना भत्काउनु पर्ने र लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने व्यवस्था छ ।
- सार्वजनिक जग्गामा निर्माण भएका भवनको र वडा कार्यालयको भवन निर्माण सम्पन्न भइसकेको अवस्थामा पनि स्वामित्व नरहेको तथा सो जग्गाको भोगाधिकार समेत प्राप्त गरेको देखिएन ।

२१ **अधुरा आयोजना -** पालिकामा देहाय बमोजिमका आयोजना अधुरा रहेको विवरण पेश भएको छ ।

| सि नं | योजनाको नाम | सम्झौता मिति | सम्झौता रकम | खर्च रकम | हाल सम्मको प्रगति | कार्य हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|---|
| १. | Upgrading of Samundratar Bhawandada Jimnang Sanogolfu Road | २०७६।०२।०८ | १०२६२८७७.५३ | - | - | वर्षा, विपद र बजेट अभाव |
| २. | Upgrading of Samundratar Bokedhunga Dhadkharka Simtang Silamey Road | २०७५।०३।३१ | १११०८६२३.५४ | ८७५५१७६.२० | ७८.८१ | वर्षा, विपद र बजेट अभाव |
| ३. | River Protection Works of Chandramati Khola | २०७७।१२।१२ | ८७८७६९८.५० | ४४२९६७१.८२ | ५०.४१ | वर्षा, विपद र बजेट अभाव |
| ४. | Upgrading of Samundratar Ramati Mishrabhanjyang Ghyanfedi Road | २०७७।१२।१२ | १०८११६३५.३४ | ४५२३३८४.२९ | ४४.०२ | वर्षा, विपद र बजेट अभाव |
| ५. | Upgrading of Hung Odarey Kadeni Road | २०७८।०९।०९ | ७२२८३५६.०६ | ५६५७०२२ | ७८.२६ | वर्षा, विपद र बजेट अभाव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | Upgrading of Manevanjyang Jimnang Sanogolfu | २०७८।०९।१४ | ७५९८०९९.८० | ३९९४२४८.७७ | ५२.५७ | वर्षा, विपद र बजेट अभाव |
| ७. | Construction of Mangchyo Jyoho Park and Pond | २०७८।०९।०९ | ६८७४०८८.९७ | ४५९१७५६.६३ | ६६.८० | वर्षा, विपद र बजेट अभाव |

उपर्युक्त विवरण अनुसार पालिकामा विगत आर्थिक वर्ष २०७४।०७५ देखि निर्माणाधिन योजनाहरु समेत पुरा भएको देखिएन । पालिकामा संचालित योजनाहरु वर्षा, विपद र बजेटको कारण अधुरा रहेका पालिकाको भनाई छ । पालिकाले विगत वर्ष देखि नै अधुरा रहेका योजनाहरु पुरा गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२२ **परामर्श सेवा खरिद -** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु.७,४४,६७०/- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | कामको विवरण | परामर्शदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | कल्लेरी दोरदोरे कबीलाश सडक D.P.R. | ईन्फ्राटेक डिजाईनर्स एण्ड विल्डिङ्ग | ८९३६०४ | ७४४६७० | १६.६६ | सोझै |
| २ | दश मुरे फाफरखेत गोठ गाउँ सडक D.P.R. | | | | | |
| ३ | राउतवेशी पुरानो गाउँ ओडारे भञ्याङ D.P.R. सडक | | | | | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष सोझै खरिद विधिबाट ३ वटा सेवा खरिदका लागि जम्मा रु. ८,९३,६०४ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. ७,४४,६७० भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा १६.६६ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२३ **मन्दिर गुम्बा र चर्च निर्माण -** पालिका भित्र रहेका मन्दिर गुम्बा र चर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र. सं . | धार्मिक स्थलको प्रकार | २०७९।८० सम्मको संख्या |
|---|---|---|

| | | |
|---|---|---|
| | | |
| १. | मन्दिर | २५ |
| २. | गुम्बा | १५ |
| ३. | चर्च | ५ |
| जम्मा | | ४५ |

२४ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाहीको अवस्था देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ० | २८ | २८ | १३ | १५ |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउनुपर्दछ ।

२५ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | २७ |
| २. | नियमावली | ४ |
| ३. | कार्यविधि तथा निर्देशिका | ५१ |
| ४. | नीति | २ |
| **जम्मा** | | **८४** |

२६ **सेवाप्रवाहको स्थिति -** पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्न विषयमा २,४६७ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | १३१० |
| मृत्यु दर्ता | ३३९ |
| बसाईसराई दर्ता | १७४ |
| विवाह दर्ता | ६२९ |
| सम्बन्ध विच्छेद दर्ता | १५ |
| **जम्मा** | **२४६७** |

२७ **दरबन्दी र पदपूर्ती -** पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्र.स. | स्वीकृत पद | संख्या | पदपूर्ती | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १. | अधिकृत सातौं/आठौं | ५ | ० | ० | ४ |
| २. | अधिकृत छैठौं/सातौं | ३ | ३ | १ | ० |
| ३. | सहायक पाँचौं | १८ | १६ | ० | २ |
| ४. | सहायक चौथो | १४ | २ | ८ | ५ |
| ५. | कार्यालय सहयोगी | २३ | ६ | १७ | ० |
| **जम्मा** | | **६३** | **२८** | **२६** | **११** |

उपरोक्त विवरण अनुसार पालिकामा विभिन्न पदमा स्वीकृत दरबन्दी ६३ रहेकोमा २८ जना स्थायी र २६ जना करारमा नियुक्त गरेको देखिन्छ भने लेखापरीक्षणको अवधी सम्म पनि ११ पद रिक्त रहेको देखिन्छ । पालिकाको दैनिक कार्य संचालनमा थप सहजता ल्याउन र गुणस्तरिय सेवा प्रवाह गर्न रिक्त रहेका पदहरु उपयुक्त प्रकृया मार्फत पूर्ती गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२८ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्थायी कर्मचारीलाई तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२९ **रिक्त पदको सूचना -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ६३ जना रहेकोमा २८ जना स्थायी, २६ जना करारमा कार्यरत रही ११ पद

रिक्त रहेका छन् । पालिककाले गत वर्ष रिक्त पद पूर्तीका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई १७ पद पूर्तीको लागि माग गरेको भएता पनि हाल सम्म उक्त पदहरु पूर्ती भएको देखिएन ।

३० **खर्च र आन्तरिक आयको विश्लेषण -** पालिकाको आर्थिक वर्षको खर्च र आन्तरिक आय विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | पालिकाको जम्मा खर्च रु. | आन्तरिक आय रु. | खर्चको तुलनमा आन्तरिक आयको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९।८० | ४५,९५,४३,३४७ | ४४, १७ , ८९१ | ०.९६ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु. ४५ करोड ९५ लाख ४३ हजार रहेको छ भने राजश्व संकलन ४४ लाख १७ हजार रहेको छ । पालिकाको आन्तरिक आय कुल खर्चको तुलनामा ०.९६ प्रतिशत हुन आउँछ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

३१ **करको दायरा -** आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छ ।

| करको नाम | जम्मा करदाता | कर तिर्ने करदाता | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | ५०२३ | ० | ० | ५०२३ | १०० |
| व्यवसाय कर | १९१ | १२३ | ६४.३९ | ६८ | ३५.६१ |

सम्पत्तिकर तर्फ १०० प्रतिशत, व्यवसायकर तर्फ ३५.६१ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अतः पालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ध्यान दिनुपर्दछ ।

३२ **संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माण -** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची -

५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर दुप्चेश्वर गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ८० मा अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

३३ **सहकारी संस्थाको विवरण -** पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष रु. |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | ३ | ६२ | ८२,७०,००० | ७,४०,००० | ६५०० | ० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | २ | ५६६ | ७०,४०,००० | २,५७,२२,५१५.७८ | १,८२,०६,३७१ | ६,५६,१०३.६१ |
| कृषि सहकारी संस्था लि. | ११ | ११४४ | ३७,३४,२०० | ७२,०२,२०० | ७०,८३,७२५ | १२,५१,४१४ |
| **जम्माः** | **१६** | **१,७७२** | **१,९०,४४,२००** | **३,३६,६४,७१६** | **२,५२,९६,५९६** | **१९,०७,५१८** |

३४ **सहकारी संस्थाको अनुगमन -** पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाको सहकारी ऐनको दफा ७१ मा तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

३५ **विद्यालय र विद्यार्थी संख्या -** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ५३ | ५९१२ |
| २ | संस्थागत विद्यालय | १ | १११ |
| **जम्मा** | | **५४** | **६०२३** |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विद्यार्थी संख्या ६०२३ रहेकोमा ९८.१५ प्रतिशत सामुदायिक र १.८४ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

३६ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती -** आर्थिक वर्ष २०७९।०८० मा पालिका भित्रका ५३ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | स्वीकृत दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/ करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | १७४ | ८८ | ८४ | २ |

उक्त विवरण अनुसार पालिकामा जम्मा १७४ दरबन्दी रहेकोमा ८८ जना स्थायी र ८४ जना राहत/करारमा नियुक्त गरी जम्मा १७२ पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि २ पद रिक्त रहेका छन । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७ **शिक्षक विद्यार्थि अनुपात -** संघीय व्यवस्था अनुसार विद्यार्थि शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.स. | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १. | घ्याङफेदी माध्यामिक विद्यालय | ८ | ३३९ | १:४२ |
| २. | कौकेश्वरी माध्यामिक विद्यालय | १३ | ३५७ | १:२७ |
| ३. | रुकमणी माध्यामिक विद्यालय | १५ | ३४९ | १:२३ |
| ४. | दुप्चेश्वर माध्यामिक विद्यालय | १७ | ४१८ | १:२४ |
| ५. | महादेव माध्यामिक विद्यालय | १२ | ३३० | १:२७ |
| ६. | कुलज्योती आधारभुत विद्यालय | २ | ३० | १:१५ |
| ७. | कल्लेरी आधारभुत विद्यालय | २ | १३ | १:६ |
| ८. | चण्डेश्वरी आधारभुत विद्यालय | २ | १९ | १:९ |
| ९. | नवज्योती आधारभुत विद्यालय | २ | १९ | १:९ |
| १०. | मानेडाँडा आधारभुत विद्यालय | १ | १५ | १:१५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा ५३ वटा विद्यालयमा शिक्षक दरबन्दी १२७ रहेकोमा विद्यार्थी संख्या ३०९० रहेको देखिन्छ भने शिक्षक विद्यार्थी औषत अनुपात १:२४ रहेको देखिन्छ ।

३८ **प्रति विद्यार्थी लागत -** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १४,०६,५६,००० | १३,५७,१४,००० | ५९१२ | २२,९५५.५६ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.२२९५५.५६ रहेको छ ।

३९ **शैक्षिक गुणस्तर -** गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा २८८ जना विद्यार्थी सहभागी भएकोमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा विद्यार्थी | उतिर्ण प्रतिशत |
|---|---|---|---|
| १ | ३.६१ - ४.०० | ० | ० |
| २ | ३.२१ - ३.६० | १ | ०.३४ |
| **जम्मा** | | **१** | **०.३४** |

उल्लेखित तालिका अनुसार ३.२१ - ३.६० जिपिए १ जना विद्यार्थीले मात्र ल्याएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

४० **शैक्षिक सुदृढीकरण अनुदान -** पालिकाले शैक्षिक सुदृढीकरण अनुदान मार्फत् १७ विद्यालयका निजी स्रोतका शिक्षकको तलब भत्ता वापत रु.६३,४०,०००।०० भुक्तानी गरेको छ । पालिकाले शिक्षकको आवश्यकता, शिक्षक विद्यार्थी अनुपात एवं विद्यालय समायोजन तथा दरबन्दी मिलानको कारबाही नगरी विद्यालयबाट नियुक्त निजी स्रोतका शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्नु मनासिव देखिएन ।

४१ **स्वास्थ्य तर्फ -** पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ ।

<table>
<tr><th>स्वास्थ्य संस्थाको किसिम</th><th>स्वास्थ्य संस्थाको संख्या</th><th>स्वीकृत दरबन्दी</th><th>पदपूर्ती मध्ये स्थायी</th><th>पदपूर्ती मध्ये करार</th><th>सेवाग्राहीको संख्या</th><th>औषधी वितरण रु.</th></tr>
<tr><td>स्वास्थ्य केन्द्र/ चौकी</td><td>७ वटा</td><td>३७</td><td>१२</td><td>१०</td><td rowspan="2">१७९९२</td><td rowspan="2">२४ लाख</td></tr>
<tr><td>स्वास्थ्य ईकाइ</td><td>५</td><td>०</td><td>०</td><td>८</td></tr>
</table>

उक्त विवरण अनुसार पालिकामा जम्मा १२ स्वास्थ्य केन्द्र/चौकी र ३७ दरबन्दी रहेकोमा हाल १२ पद स्थायी र १८ पद करार मार्फत पुर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

४२ **अनुदान व्यवस्थापन -** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

<table>
<tr><th>क्र.स.</th><th>अनुदानको क्षेत्र</th><th>कार्यक्रम संख्या</th><th>अनुदान रकम रु.</th></tr>
<tr><td>१</td><td>कृषि तर्फ</td><td>३</td><td>२८,२०,०००</td></tr>
<tr><td>२</td><td>पशु तर्फ</td><td>१</td><td>१५,००,०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४</td><td>४३, २०, ०००</td></tr>
</table>

उपरोक्त विवरण अनुसार पालिकाले कृषि तर्फका ३ वटा कार्यक्रममा २८ लाख २० हजार र पशु तर्फको १ कार्यक्रममा १५ लाख गरी जम्मा ४ वटा कार्यक्रममा ४३ लाख २० हजार अनुदान वितरण गरेको देखिन्छ ।

४३ **लम्पी स्किन -** पालिकामा रहेका पशु चौपायाको संख्या र लम्पी स्किनले पारेको प्रभाव देहाय बमोजिम रहेको छ ।

| पालिका भित्रका पशु चौपायाको संख्या | रोगबाट प्रभावित पशुचौपाया संख्या | मृत्यू भएको पशु चौपायाको संख्या | औषधी उपचारमा भएको खर्च रु. |
|---|---|---|---|
| १८८५ | १६७४ | ११५ | २ लाख |

उपरोक्त विवरण अनुसार पालिकामा यस आर्थिक वर्षमा १८८५ वटा पशु चौपाया रहेकोमा लम्पी स्किन रोगबाट १६७४ वटा पशुचौपाया संक्रमित भएको देखिन्छ भने संक्रमित मध्ये ११५ पशुको मृत्यू भएको

देखिन्छ । पालिकाले लम्पी स्किन रोग नियन्त्रण गर्नु औषधी उपचार गर्न रु. २ लाख खर्च गरेको देखिन्छ ।

४४ **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन।

४५ **स्वकिय सचिव -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी सल्लाहकारको रुपमा १ जनालाई नियुक्त गरी रु.२,४६,८१४ भुक्तानी भएको छ ।

४६ **आर्थिक सहायता -** पालिकाले यस वर्ष विरामी उपचारको लागि आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९ विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचार लगायत यस वर्ष रु. २१ लाख ६५ हजार आर्थिक सहायता वितरण गरेको छ ।

४७ **सामाजिक सुरक्षा -** आर्थिक वर्ष २०७९।८० मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र स | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|---|
| १ | २१०९१ | २५९९ | १२.३२ | १०३०४७२२४ |

४८ **जिन्सी दाखिला -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-११-१५ को निर्णयबाट रु.१,३०,९९९ सम्परीक्षण गरिएको ।)***

४९ **वृत्तचित्र तयार -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर वृत्तचित्र तयार गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१६ को निर्णयबाट रु.३,००,००० सम्परीक्षण गरिएको ।)***

५० **लागत अनुमान तयार नगरी सोझै खरिद -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर सभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति२०८१-१-१६ को निर्णयबाट रु.११,४२,७४८ सम्परीक्षण गरिएको ।)***

५१ **खरिद विलको भुक्तानी -** ५०।२०७९।९।१३ पालिकाले वडा नं. २ को लागि आवश्यक पर्ने फर्निचर सामाग्री श्रेष्ठ फर्निचर ट्रेडर्सबाट २०७९।३।२ मा विजक नम्बर ०६३ बाट खरिद गरी रु. ३,३७,७०० भुक्तानी गरेको देखिन्छ । तर पालिकाले २०७९।०९।०१ मा खरिद आदेश दिइ २०७९।९।१२ मा दाखला गरेको देखिन्छ । गत आर्थिक वर्षको विल यस आर्थिक वर्षमा भुक्तानी गर्दा गत आर्थिक वर्षमा भुक्तानी गर्न बाँकी भए नभएको एकिन गर्न सकिएन । पालिकाले गत आर्थिक वर्षमा भुक्तानी गर्न बाँकी भए नभएको एकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३७,७०० |

५२ **सडक मर्मत -** पालिकाले बर्षातको समयमा गाउँपालिका भित्रका बिग्रे भत्केका विभिन्न सडकहरुको सरसफाई, मर्मत तथा पहिरो पन्छाउने जस्ता कार्यहरु गरे वापत गरेको भुक्तानीमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने व्यवस्था छ । तर पालिकाले सडक मर्मत कार्य गर्दा नियमानुसार सिलबन्दी दरभाउपत्र आह्वान नगरी वेभ साईटमा मात्र सूचना प्रकाशन गरी ३ वटा फर्मसँग कोटेशन माग गरी सोझै खरिद गरेको छ । त्यसैगरी पालिकाले विभिन्न सडकहरुको लागत अनुमान र कार्य मूल्यांकन गर्दा चेनेजवाईज कार्यको नापजाँच नगरी एकमुष्ट रुपमा बनाएको लागत अनुमान र कार्य मूल्यांकन समेत उपयुक्त देखिएन । त्यसैले पालिकाले गरेको देहाय बमोजिमको खरिद कारबाही स्वच्छ, मितव्ययी एवं प्रतिस्पर्धी भएको कार्य नियमित नदेखिएको रु.

| क्र.स. | भौ.नं. र मिति | फर्मको नाम | कामको विवरण | लागत अनुमान रु. | सम्झौता रकम रु. |
|---|---|---|---|---|---|
| १ | २६/२०७९/६/१३ | जन्मभूमि निर्माण सेवा | सडक मर्मत कार्य | १७,६९,१९२।९८ | १७,२३,८२०।०० |
| २ | २५/२०७९/६/१३ | तादी कन्स्ट्रक्सन प्रा. लि. | सडक मर्मत कार्य | १७,२३,२९८।३१ | १७,१७,४५०।०० |
| **जम्मा** | | | | | **३४,४१,२७०।००** |

| | |
|---|---|
| अनियमित भएको | ३४,४१,२७० |

५३ **निर्माण व्यवसायीबाट कार्य -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति*** २०८१-१-१६ ***को निर्णयबाट रु.***३,०९५,०५५.३१ ***सम्परीक्षण गरिएको ।)***

५४ **बढी भुक्तानी -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१३ को निर्णयबाट रु.***३,७५६ ***सम्परीक्षण गरिएको ।)***

५५ **ढुङ्गा, गिट्टी बालुवाको रोयल्टी** - पालिकाले पालिका भित्र योजना संचालन गर्दा योजनामा प्रयोग हुने ढुङ्गा, गिट्टी बालुवाको रोयल्टी कट्टी गरेर भुक्तानी गरेको छ । योजनामा कट्टी गरेको रु. ३६४५५२७ पालिकाले ६० प्रतिशत आफ्नो संचित कोषमा जम्मा गर्नुपर्ने र ४० प्रतिशत प्रदेश सरकारलाई पठाउनुपर्नेमा सो नगरी पालिकाको संचित कोषमा दाखिला गरी गरेको छ । उक्त ४० प्रतिशतले हुने रकम रु. १४,५८,२१० प्रदेश संचितकोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,५८,२१० |

५६ **प्रमाण पेश नगरेको -** पालिकाले निर्माण व्यवसायी मार्फत् समुन्द्रटार राउतबेसी झगडे सडकको ११,१०० मिटर सम्मको सडक मर्मत कार्य निर्माण व्यवसायी मार्फत् गराएकोमा गाँउपालिका भरीको सडक मर्मत उपभोक्ता समितिबाट समेत उक्त सडक समेत मर्मत गर्ने गरी लागत अनुमान तयार गरी सम्झौता गरेको देखिन्छ । तर उपभोक्ता समितिले पेश गरेको बिल तथा कार्य मूल्यांकनमा सो सडकको मर्मत कार्य भएको नदेखिएकाले ६,०७७।२५ घन मिटरको रु.६२।१५ का दरले हुन आउने रकम रु.३,७७,७०१।०० को कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७७,७०१ |

५७ **बढी दरमा भुक्तानी -** पालिकाले देहायका योजनामा सडक विभाग तथा भवनको स्वीकृत दर भन्दा बढी दरको रेट एनलाइसिस गरी उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको देखियो । एउटै योजनामा पालिकाले दररेट विश्लेषणमा फरक फरक दरको प्रयोग गरेको देखिन्छ । पालिकाले सडक विभाग तथा भवनको स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको रु.१,१७,०८८ सम्बन्धितबाट असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं./मिति | योजनाको नाम | कामको विवरण | परिमाण | स्वीकृत दर रु. | भुक्तानी दर रु. | बढी भुक्तानी दर रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|
| ९३/०७९/११/१८ | समुन्द्रटार गोरखटोल बोके | सिमेन्ट कन्क्रिट १:१.५:३, | २९.४२ घनमिटर | १२३८५ | १३८८२ | १४९७ | ४४०४२ |
| | ढुङ्गा सडक स्तरोन्नती उ.स | माटो कटिङ्ग फाउण्डेसन | १२८.८० घनमिटर | ८३.५६ | ९३.७९ | १०.२३ | १३१८ |
| १०४/०७९/११/३० | सूर्यडाँडा अन्तरटोल लामटोल मोटरबाटो निर्माण कार्य | माटो कटिङ्ग | ४२७३.७९ घनमिटर | ८३.५६ | ९३.७९ | १०.२३ | ४३७२१ |
| ११३/०७९/१२/०२ | नवस्ती सामुदायिक भवन भवन निर्माणको लागि जग्गा मिलाउने कार्य | एक्जाभेसन सबै किसिमको माटो कटिङ्ग | १७९५.८४ घनमिटर | ८४.१४ | ९५.०८ | १०.९४ | १९६४६ |
| १२८/०७९/१२/१७ | निगाले काफ्ले डाँडा सडक निर्माण | PCC in RCC for cause way 1:2:4 | १३.९१ घनमिटर | १०४१८.३ | ११०१९.३६ | ६०१.०६ | ८३६१ |
| जम्मा | | | | | | | ११७०८८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१७,०८८ |

## ५८ झगडे सिन्धुली डाँडा डम्फु पार्क कालोपत्रे सडक

५८.१ ठेक्का नं. DRM/NUW/ROAD/079/80/02 झगडे सिन्धुली डाँडा डम्फु पार्क कालोपत्रे सडकको लागत अनुमान रु. १,६४,८४,९९९ (मू.अ. कर बाहेक) तयार गरी बोलपत्र आव्हान गरेकोमा सबैभन्दा घटिवाला (३८.९२) प्रतिशत) यांग्रा निर्माण सेवा २०७९।१२।१२ मा मिति २०८०।०३।१५ सम्म कार्यसम्पन्न गर्ने गरी रु. १,०४,१७,५८८.८० (मू.अ. कर र पि.एस. बाहेक) मा सम्झौता भएको देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

५८.२ **प्रोभिजनल सम** - प्रोभिजनल समबाट काम गर्दै जाँदा अति आवश्यकता अनुसार समसामायिक खर्च मात्र खर्च गर्नुपर्नेमा रु. ७५,००० जि.पि.एस. र रु. ३३,९०० को कंक्रिट हेम्बर खरिद गरेको देखियो । जि.पि.एस. तथा कंक्रिट हेम्बर जस्ता सामान प्राप्त गरी जिन्सी दाखिला भएको नदेखिएकोले उक्त सामान दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,९०० |

५८.३ प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रममा बजेट खर्च गर्ने अख्तियारीमा स्वीकृत योजनामा प्रदेश सरकार र स्थानीय सरकारको ५०/५० प्रतिशत साझेदारीमा कार्य गर्नुपर्नेमा कुल भुक्तानी रु. ८४,८५,३५४ गरेकोमा प्रदेश सरकारको रु. ६९,८५,३४५ योगदान रहेको देखियो भने स्थानीय तहको रु. १५,००,००० मात्र योगदान रहेको देखियो । बजेट खर्च गर्ने अख्तियारी अनुसार स्थानीय तहले रु. ४२,४२,६७२.५० व्यहोर्नुपर्नेमा रु. २७,४२,६७३ कम व्यहोरेको देखियो । स्थानीय तहले व्यहोर्नुपर्ने भन्दा कम व्यहोर्दा प्रदेश सरकारलाई थप व्ययभार पर्न गएको देखिन्छ । त्यसैले स्थानीय तहले कम व्यहोरेको रु. २७,४२,६७३ प्रदेश संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,४२,६७३ |

## ५९ समुद्रटार राममती मिश्र भन्ज्याङ सडक

५९.१ ठेक्का नं. DRM/NUW/ROAD/079/80/03 समुद्रटार राममती मिश्र भन्ज्याङ सडक स्तरोन्नती कार्यको लागि लागत अनुमान रु. १,२६,६८,५८२ (मू.अ. कर र पि.एस. समेत) तयार गरी]कोमा घटि वाला जि.के. कन्स्ट्रक्सनसँग रु. ९८,९६,४०४ मा २०७९ चैत्र २९ मा सम्झौतामा २०८०।३।१५ सम्म कार्य सम्पन्न गर्न गरी सम्झौता गरेको देखिन्छ ।

५९.२ संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रममा बजेट खर्च गर्ने अख्तियारीमा स्वीकृत योजनामा संघीय सरकार र स्थानीय सरकारको ५०/५० प्रतिशत साझेदारीमा कार्य गर्नुपर्नेमा कुल भुक्तानी रु. ६९,७६,०३३ गरेकोमा संघीय सरकारको रु. ५४,७६,०३३ योगदान रहेको देखियो भने स्थानीय तहको रु. १५,००,००० मात्र योगदान रहेको देखियो । बजेट खर्च गर्ने अख्तियारी अनुसार स्थानीय तहले रु. ३३,८८,०१६.५० व्यहोर्नुपर्नेमा रु. १९,८८,४१६ कम व्यहोरेको देखियो । स्थानीय तहले व्यहोर्नुपर्ने भन्दा कम व्यहोर्दा संघीय सरकारलाई थप व्ययभार पर्न गएको देखिन्छ । त्यसैले स्थानीय तहले कम व्यहोरेको रु. १९,८८,४१६ संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,८८,४१६ |

६० **समुन्द्रटार भवनडाँडा जिक्वाङ गाँउ सडक निर्माण**

६०.१ ठेक्का नं. DRM/NUW/ROAD/079/80/01 समुन्द्रटार भवनडाँडा जिम्राङपुर गाँउ सडक निर्माण कार्यको लागि कुल लागत अनुमान रु. १,६४,८२,४६२।४९ तयार गरेकोमा तेस्रो घटिवाला बोलपत्रदाता स्किल फिल्ड कन्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. सँग मिति २०७९।१२।९ मा रु. १,२०,४२,२१५ (मू.अ. कर तथा पि.एस. आइटम समेत) मिति २०८०।३।३० सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

६०.२ प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रममा बजेट खर्च गर्ने अख्तियारीमा स्वीकृत योजनामा प्रदेश सरकार र स्थानीय सरकारको ५०/५० प्रतिशत साझेदारीमा कार्य गर्नुपर्नेमा कुल भुक्तानी रु. १,०४,६४,६११ गरेकोमा प्रदेश सरकारको रु. ७२,६४,६११ योगदान रहेको देखियो भने स्थानीय तहको रु. ३२,००,००० मात्र योगदान रहेको देखियो । बजेट खर्च गर्ने अख्तियारी अनुसार स्थानीय तहले रु. ५२,३२,३०५.५ व्यहोर्नुपर्नेमा रु. २०,३२,३०५ कम व्यहोरेको देखियो । स्थानीय तहले व्यहोर्नुपर्ने भन्दा कम व्यहोर्दा प्रदेश सरकारलाई थप व्ययभार पर्न गएको देखिन्छ । त्यसैले स्थानीय तहले कम व्यहोरेको रकम प्रदेश संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,३२,३०५ |

६०.३ प्रोभिजनल समबाट काम गर्दै जाँदा अति आवश्यकता अनुसार समसामायिक खर्च मात्र खर्च गर्नुपर्नेमा रु. ४,४७,५०० को मोटरसाइकल, रु. ७५,००० जि.पि.एस. र रु. ३३,९०० को टेष्ट हेम्बर खरिद गरेको देखियो । जि.पि.एस. तथा टेष्टिङ हेम्बर जस्ता सामान प्राप्त गरी जिन्सी दाखिला भएको नदेखिएकोले उक्त सामान दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,९०० |

६१ **प्रमाण पेश गर्नुपर्ने -** पालिका र तिलगंगा आँखा प्रतिष्ठान बीच भएको सम्झौतानुसार ग्रामीण आँखा क्लिनिकमा कार्यरत नेत्र सहायक श्री दुर्गा घलेको पारिश्रमीक श्रावण देखी कार्तिक सम्म तिलगंगा आँखा प्रतिष्ठानले र मंसिर १ गते देखि पालिकाले व्यहोर्ने उल्लेख भएकोमा निजको तलब मासिक रु. ३४,३८२।७० का दरले वार्षिक रु. ४,२२,५९२।४० संघीय सशर्त चालु स्वास्थ्य शिर्षकबाट भुक्तानी गरेको देखियो । यसरी पालिकाले गाउँपालिका चालु स्वास्थ्य शिर्षकबाट खर्च लेख्नुपर्नेमा संघीय सर्शत स्वास्थ्य चालुबाट खर्च लेखेको पाइएकोले उक्त रकम संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२२,५९२ |

६२ **एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको तलव भुक्तानी -** गृह मन्त्रालयको मिति २०७९।४।१९ चलानी नं. १४८ को परिपत्र अनुसार एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको तलब भत्ता भुक्तानी गर्दा

संघीय सरकार र स्थानीय तहले ५०/५० प्रतिशत रकम व्यहोर्नु पर्ने उल्लेख छ । पालिकामा कार्यरत एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको श्रावण देखी फाल्गुन सम्मको तलब भत्ता रु. ८,७८,३८५।४० भुक्तानी गरेकोमा २ महिनाको बढी रु. १,८१,६८४।८० को हिसाब मिलान गर्नुपर्नेमा पालिकाले रु. १,५२,२५८ को मात्र हिसाब मिलान गरेको देखिएकोले कम हिसाब मिलान रु. २९,४२७ पालिकाले संघीय सञ्चितकोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,४२७ |

६३ **पेश्की बाँकीको विवरण -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई उपलव्ध गराएको म्याद नाघेको रु. ४९५००० र म्याद ननाघेको रु.८७८००० गरी जम्मा रु. १३७३००० पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

| भौ.नं. मिति | पेश्की लिनेको विवरण | पेश्कीको प्रयोजन | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|---|
| १।२०७९।०४।०१ | ज्योति निर्माण सेवा | चन्द्रावतीखोला तटबन्धन निर्माण गरी समुन्द्रटार बजार संरक्षण | ० | ८७८००० | ८७८००० |
| १।२०७९।०४।०१ | सूर्यमती फ्युल सेन्टर | इन्धन पदाधिकारी | १००००० | ० | १००००० |
| १।२०७९।०४।०१ | बिनोद कुमार अधिकारी | सवारी साधन मर्मत | २५००० | ० | २५००० |
| १।२०७९।०४।०१ | बिष्णु तामाङ | गाउँपालिका भरिका पुल हेरालुलाई पारिश्रमिक | २२०००० | ० | २२०००० |
| १।२०७९।०४।०१ | सञ्जिव नेपाल | इन्धन पदाधिकारी | १५०००० | ० | १५०००० |
| **जम्मा** | | | **४९५०००** | **८७८०००** | **१३७३०००** |

| | |
|---|---|
| पेश्की | ४,९५,००० |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष -** २०७९/८०

**कार्यालय र स्थान -** दुप्चेश्वर गाउँपालिका, नुवाकोट ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Binod Kumar Adhikari | २०७७-८-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | श्रीधर पोखरेल | २०७९-२-५ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण-**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १२०,८४४ | ७,९७९,०७३.३१ | ७,७०५,५१८ | ० | ० | ४९५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १६,३००,४३५.३१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४,६७२,५५८.३१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,६२७,८७७ |

स्थानीय तह-

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २९८१५४३२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०८५७२२७३ | चालु खर्च | २७००५७९९३ |
| प्रदेश सरकारबाट अनुदान | ७५०४३००० | पूँजीगत खर्च | १८१७२९८६९ |
| राजश्व बाँडफाँट | ८८५४८१८३ | वित्तीय/अन्य व्यवस्था | ८७५८४८५.० |
| आन्तरिक आय | ४४१७८९१.० | | |
| अन्य आय | २१६९३४६१ | | |
| कुल आय | ४९८२७४८०८ | कुल खर्च | ४६०५४६३४७ |
| बाँकी मौज्दात | | ६७५४३८९३ | |